अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

भजनी नगरपालिका, कैलाली

स्थानीय राजपत्र

खण्ड : २ संख्या : १ प्रमाणीकरण मिति :- २०७६/०३/१०

प्रकाशन मिति :- २०७६/०९/१५

भाग- १

भजनी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७६

प्रस्तावना :

भजनी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उप-धारा (२) बमोजिम भजनी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"भजनी नगरपालिकाको आर्थिक ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गते देखि भजनी नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :-** नगरपालिका क्षेत्रभित्रको सबै क्षेत्रमा **अनुसूचि १** बमोजिम सम्पत्ति कर लगाइने र असूल गरिनेछ ।

३. **भुमि कर (मालपोत) :-** नगरपालिका क्षेत्रभित्र **अनुसूचि २** बमोजिम भुमि कर (मालपोत)कर लगाई असूल गरिनेछ ।

४. **घर र जग्गा वहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसूचि ३** बमोजिम घर जग्गा वहाल कर लगाई असूल गरिनेछ ।

५. **व्यवसाय कर :** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूचि ४** बमोजिम व्यवसाय कर लगाई असूल गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको सिङ, हाड, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत **अनुसूचि ५** बमोजिम कर लगाइने र असुल गरिनेछ ।

७. **सवारी साधन कर:** नगरपालिका क्षेत्रभित्र दर्ता भएका ठेला/ रिक्सा, अटो रिक्सा आदिमा **अनुसूचि ६** बमोजिम कर लगाइने र असुल गरिनेछ ।

८. **विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूचि ७** बमोजिम विज्ञापन कर लगाई असूल गरिनेछ । तर यसको वाडफाड प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर:** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा **अनुसूचि ८** बमोजिम मनोरन्जन कर लगाइने र

असुल गरिनेछ तर यसको वाडफाड प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूचि ९** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सेवा उपलब्ध गराए वापत **अनुसूचि १०** बमोजिम पार्किङ शुल्क लगाइने र असूल गरिनेछ ।

१२. **सेवा शुल्कः** नगरपालिकाले आ ँ नो क्षेत्रभित्र ट्रेकिंग, कायोकिड, क्यानोइंग, बन्जी जम्पिंग, जिप ँ लायर र च्या ँ टींग सेवा वा व्यवसाय संचालन तथा निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार जस्ता सेवा उपलब्ध गराइएको कुनै सेवामा सेवाग्राहीबाट **अनूसूचि ११** मा उल्लेखित सेवा शुल्क लगाई असूल गरिनेछ ।

१३. **पर्यटन शुल्कः** नगरपालिकाले आ ँ नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट **अनुसूची १२** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुटः** यस ऐन र यस ऐन अन्तगर्त बनेका कार्यविधिमा उल्लेख भए बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **खानी रोयल्टीबाट प्राप्त रकमः** काठ, दाउरा र खानी जन्य वस्तुको विक्रीवाट नगरपालिकाले तोक अनुसार **अनुसूचि १३** बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ । तर यसको वाडफाड प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१६. **दर्ता तथा प्रतिलिपी दस्तुर** : व्यत्तिलगत घटना दर्ता वापत नगरपालिकाले तोके वमोजिम **अनुसूचि १४** अनुसारको दस्तुर लगाईने र असुल गरिनेछ ।

१७. **सरकारी सम्पतिको वहालबाट प्राप्त आयः** नगरपालिकाको सटर भाडा, पसल कवल भाडा, व्याक हो लोडर, भाईब्रेटर, रोलर र हातेरोलर रोडरोलर,सक्सन ट्यांक र ड्रमट्रक बाट आउने **अनुसूचि १५** मा उल्लेखित वहालबाट आय ।

१८. **नाता प्रमाणित दस्तुरः** नगरपालिका बाट उपलब्ध गराउने नाता प्रमणित सिफारिश वापत **अनुसूचि १६** वमोजिमको दस्तुर लिईनेछ ।

१९. **नक्शापास दस्तुरः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन निर्माण गर्दा नगरपालिकाले तोके वमोजिम **अनुसूचि १७** अनुसारको दस्तुर लगाईने र असुल गरिनेछ ।

२०. **दण्ड जरिवाना :** प्रशासनिक दण्ड जरिवाना ऐन, नियम , निर्देशिका र मपदण्डाले तोके अनुसार हुनेछ ।

२१. **सिफारिश दस्तुरः** नगरपालिकाले उपभोग मापन गर्न सकिने सेवा सुविधाहरु (निजी वस्तुहरु) उपलब्ध गराए वापत नगरपालिकाले तोके अनुसार **अनुसूचि १८** मा उल्लेखित दरमा सेवाग्राहीबाट दस्तुर लिनेछ ।

२२. **अन्य राजश्व विविध आयः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत र नगरपालिकाले उपभोग मापन गर्न सकिने सेवा सुविधाहरु (निजी वस्तुहरु) उपलब्ध गराए वापत **अनुसूचि १९** मा उल्लेखित दरमा सेवाग्राहीबाट दस्तुर लिईनेछ । गत आ.व. देखि हाल सम्म असुली भएको राजश्व यसै ऐन बमोजिम असुल गरिएको मानिनेछ ।

२३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

२४. वार्षिक अनुमानित आन्तरिक आय :- आ.व. २०७६।०७७ को आन्तरिक आय **अनुसुची २०** बमोजिम प्रस्तावित गरिनेछ ।

२५. कर छुट :- यस ऐनमा उल्लेख भएका बाहेक अन्यको हकमा कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिईने छैन ।

२७. संशोधन तथा थपघट :- यस ऐनमा उल्लेख नभई छुट भएका वा हटाउनपर्ने राजश्व कर दररेट आवश्यकता अनुसार संशोधन तथा थपघट नगर सभाले गर्न सक्नेछ ।

अनुसूचि -१

(दफा २ संग सम्वन्धित)

११३१३ सम्पत्ति करको दररेट : (वार्षिक)

क्र.सं.	सम्पत्तिको मूल्य रु.	आ.व.२०७६।०७७ को प्रस्तावित दर रु.	कैफियत
अ	**१० लाख रुपैया सम्म**		
१	१ लाख सम्म	२७।५०	
२	१ लाख १ देखि २ लाख सम्म	४४।००	
३	२ लाख १ देखि ३ लाख सम्म	६०।५०	
४	३ लाख १ देखि ४ लाख सम्म	७७।००	
५	४ लाख १ देखि ५ लाख सम्म	१०४।५०	
६	५ लाख १ देखि ६ लाख सम्म	१२१।००	
७	६ लाख १ देखि ७ लाख सम्म	१३२।००	
८	७ लाख १ देखि ८ लाख सम्म	१५४।००	
९	८ लाख १ देखि ९ लाख सम्म	१५९।५०	
१०	९ लाख १ देखि १० लाख सम्म	१७६।००	
आ	**१० लाख १ देखि २० लाख सम्म**	–	
१	१० लाख १ देखि १२ लाख सम्म	२७५।००	
२	१२ लाख १ देखि १४ लाख सम्म	३०८।००	
३	१४ लाख १ देखि १६ लाख सम्म	३५२।००	
४	१६ लाख १ देखि १८ लाख सम्म	३८५।००	
५	१८ लाख १ देखि २० लाख सम्म	४१८।००	
इ	**२० लाख १ देखि ३० लाख सम्म**	–	
१	२० लाख १ देखि २२ लाख सम्म	५५०।००	
२	२२ लाख १ देखि २४ लाख सम्म	३४१।००	
३	२४ लाख १ देखि २६ लाख सम्म	७९२।००	
४	२६ लाख १ देखि २८ लाख सम्म	९०२।००	
५	२८ लाख १ देखि ३० लाख सम्म	१,०२३।००	
ई	**३० लाख १ देखि ५० लाख सम्म**	–	
१	३० लाख १ देखि ३३ लाख सम्म	१,३२०।००	
२	३३ लाख १ देखि ३६ लाख सम्म	१,५९५।००	
३	३६ लाख १ देखि ३९ लाख सम्म	१,८७०।००	
४	३९ लाख १ देखि ४२ लाख सम्म	२,१४५।००	
५	४२ लाख १ देखि ४५ लाख सम्म	२,४२०।००	
६	४५ लाख १ देखि ४८ लाख सम्म	२,६९५।००	
७	४८ लाख १ देखि ५० लाख सम्म	२,९७०।००	
उ	**५० लाख १ देखि १ करोड सम्म**	–	
१	५० लाख १ देखि ६० लाख सम्म	३,८५०।००	
२	६० लाख १ देखि ७० लाख सम्म	५,३६२।५०	

३	७० लाख १ देखि ८० लाख सम्म	६,८७५।००	
४	८० लाख १ देखि ९० लाख सम्म	८,३८७।५०	
५	९० लाख १ देखि १ करोड सम्म	९,९००।००	
ऊ	**१ करोड १ देखि २ करोड सम्म**	-	
१	१ करोड १ देखि १ करोड २० लाख सम्म	१३,२००।००	
२	१ करोड २० लाख १ देखि १ करोड ४० लाख सम्म	१४,८५०।००	
३	१ करोड ४० लाख १ देखि १ करोड ६० लाख सम्म	१६,५००।००	
४	६ करोड २० लाख १ देखि १ करोड ८० लाख सम्म	१८,१५०।००	
५	१ करोड ८० लाख १ देखि २ करोड सम्म	१९,८००।००	
ए	**२ करोड १ देखि ५ करोड सम्म**	-	
१	२ करोड १ देखि २ करोड ३० लाख सम्म	२७,५००।००	
२	२ करोड ३० लाख १ देखि २ करोड ६० लाख सम्म	३१,१६८।५०	
३	२ करोड ६० लाख १ देखि २ करोड ९० लाख सम्म	३४,८३७।००	
४	२ करोड ९० लाख १ देखि ३ करोड २० लाख सम्म	३८,५०५।५०	
५	३ करोड २० लाख १ देखि २ करोड ५० लाख सम्म	४२,१७४।००	
६	३ करोड ५० लाख १ देखि २ करोड ८० लाख सम्म	४५,८४२।५०	
७	३ करोड ८० लाख १ देखि ४ करोड १० लाख सम्म	४९,५११।००	
८	४ करोड १० लाख १ देखि ४ करोड ४० लाख सम्म	५३,१७९।५०	
९	४ करोड ४० लाख १ देखि ४ करोड ७० लाख सम्म	५६,८४८।००	
१०	४ करोड ७० लाख १ देखि ५ करोड सम्म	६०,५१६।५०	
ऐ	**५ करोड १ देखि माथि**	०.२∞	

४. सम्पत्तिकर प्रयोजनको लागि जग्गाको क्षेत्र विभाजन तथा मूल्यांकन दर :

वडा नं.	**किसिम**	**जग्गासंग जोडिएको सडकको नाम**	**मूल्यांकन दर रेट (प्रति विघाह)**
वडा न. १	व्यापारीक	भजनी न.पा. नं.१ सुखड-भजनी सडक म.मा.वि.गेट-वडा न ३ बम बहादुर चौधरीको फड हुँदै कर्मदेव घाट सम्म	३०,०००,०००.००
वडा न. १	व्यापारीक	भजनी न.पा.१ साझा गोदाम नजिकको पुल देखी राजकुमार थापाको घर हुदै दुरसंचार सम्म	२०,०००,०००.००
वडा न. १	आवासिय	बनचोक देखी कृषि बैक हुदै गोपाल मल्ल्को घर नजिक पक्कीपुल सम्म	१२,०००,०००.००
वडा न. १	आवासिय	मोहन लामाको घर देखी पश्चिम पुष्प उपाध्यायको घर सम्म	७,०००,०००.००
वडा न. १	आवासिय	साझा गोदाम नजिकको पुल देखी ठेंगरपुर सम्म	६,०००,०००.००
वडा न. १	आवासिय	महुन्याल सा.व देखी पुर्व बम बहादुर चौधरीको फड सम्म	६,०००,०००.००
वडा न. १	आवासिय	ठेंगरपुर देखी बनचोक पश्चिम हुदै पठाने साउदको घर सम्म	६,०००,०००.००
वडा न. १	आवासिय	भजनी केशव जोशी घर देखी सनराइज बोडिङ सम्म	६,०००,०००.००
वडा न. १	आवासिय	भजनी म.मा.वि.को गेट देखी मुत्त कमैया बस्ति सम्म	६,०००,०००.००
वडा न. १	आवासिय	मनमानमा फाटो स्टुडियो देखी रेन्जपोष्ट सम्म	६,०००,०००.००

वडा न. १	आवासिय	रामकुमारको घर देखी पश्चिम जाने बाटो	६,०००,०००.००
वडा न. १	आवासिय	बरुण मल्लको घर देखी गोपाल मगरको घर सम्म	६,०००,०००.००
वडा न. १	आवासिय	भजनी मधुबन बस्ती गौनिया पुल भित्रका सडक	५,०००,०००.००
वडा न. १	आवासिय	भजनी पेट्रोल पम्पदेखी भित्री बाटो इलाका प्रहरी कार्यालयको गेट सम्म	९,०००,०००.००
वडा न. १	आवासिय	पुरन जोशीको घर देखी उत्तर भित्री बाटो	६,०००,०००.००
वडा न. १	आवासिय	कृष्ण भगतको घर देखी पुर्व केवल सरको घर जाने बाटोको पुल सम्म	४,०००,०००.००
वडा न. १	आवासिय	रजवारा पिपलचोक देखी केदारेश्वर आधारभुत वि. सम्म	३,०००,०००.००
वडा न. १	आवासिय	केदारेश्वर आधारभुत वि. पश्चिम कुलो पुर्व जोखनको घर सम्म	३,०००,०००.००
वडा न. १	आवासिय	जोखनको घर देखी चकुलिया गाउ हुदै पुर्व बौनिया- भजनी मुल सडक सम्म	५,०००,०००.००
वडा न. १	आवासिय	गौनिया कृष्ण भगतको पुर्व पुल देखी केवल सरको घर जाने बाटो	३,०००,०००.००
वडा न. १	आवासिय	गौनिया चोक देखी रजवार पिपलचोक सम्म	६,०००,०००.००
वडा न. १	आवासिय	कृष्ण भगतको घर देखी पश्चिम हुदै पठाने साउदको घर सम्म	६,०००,०००.००
वडा न. १	कृषि	बुद्धि बमको घर देखी भजनी म.उ.मा.वि सम्म	४,०००,०००.००
वडा न. १	कृषि	केदारेश्वर निमावि पश्चिम कुलो पुर्व रजवाराकाडा मुलबाटो संग जोडिएको	१,४००,०००.००
वडा न. १	कृषि	देशराज चौधरीको घर देखी पिपलको रुख देखी पश्चिम हुदै दक्षिण नन्द सिहको खेतको कुलो सम्म	१,४००,०००.००
वडा न. १	कृषि	विर बहादुर विकको घर देखी पश्चिम रोड कर्ण ब विक को घर सम्म	१,४००,०००.००
वडा न. १	कृषि	पेरहनी देखी मन्त्रीफाँटा हुलाकी सडक जाने बाटो छेउको जग्गा	१,४००,०००.००
वडा न. २	कृषि क्षेत्र	डिल्ली ब के.सी.को घर देखी रजवारा चोक सम्म	१,८००,०००.००
वडा न. २	कृषि क्षेत्र	रजवारा नहरपुल देखी उत्तरबाँध सम्म	१,४००,०००.००
वडा न. २	आवासिय	रजवारा भिम बहादुरको घर पश्चिम कुलो देखी जागा टोल हुदै पिपलचोक सम्म	३,०००,०००.००
वडा न. २	आवासिय	रजवारा चोक देखी राधा कृष्ण सा.व. मिलन बस्ती र सरुवा बस्ती सम्म	२,६००,०००.००
वडा न. २	आवासिय	राधाकृष्ण साव देखी जागा टोल हुदै डम्बर खडकाको घर सम्म	३,०००,०००.००
वडा न. २	आवासिय	पिपलचोक देखी फुलरामको घर हुदै रजवारा बजार सम्म	६,०००,०००.००
वडा न. २	आवासिय	रजवार दुर्गा पुनको घर देखी उत्तर तुफान डाडा खेल न बाट सा.व. जाने बाटो	२,६००,०००.००
वडा न. २	आवासिय	कटानपुर पर्शु राम चौधरीको घर देखि उतर भिटारिया जाने बाटो कच्ची ।	२,०००,०००.००
वडा न. २	आवासिय	तिनघरुवा चोक देखि पश्चिम कटानपुर बन देवि सा.व.उ .स .सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा न. २	आवासिय	कटानपुर शंकर चौधरीको घर देखि दक्षिण प्रशान्न आचार्यको घर सम्म ग्राभेल बाटो	४,०००,०००.००

वडा न. २	आवासिय	कटानपुर मुन्सी राम चौधरीको राइस मिल देखि दक्षिण भलमन्साको घर सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा न. २	आवासिय	कटानपुर प्रशन्न आचार्य को घर देखि दक्षिण मोहनपुर गंगा राम चौधरीको घर नजिक जोडने बाटो कच्ची	२,०००,०००.००
वडा न. २	आवासिय	सामुदायिक बन कार्यालय कटापुर देखि उतर भिटारिया जाने बाटो कच्ची	२,०००,०००.००
वडा न. २	आवासिय	सामुदायिक बन कार्यालय कटापुर देखि दक्षिण जाने बाटो कच्ची	२,०००,०००.००
वडा न. २	आवासिय	पल्टुपुर मधुसुदन राजवंशी को घर हुदै दक्षिण रा.मा.वि .हुदै काढाँ नदी सम्म ग्राभेल	४,०००,०००.००
वडा न. २	आवासिय	पल्टुपुर रा.मा.वि. देखि पुर्व खोदाउपुर काठेपुल सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा न. २	आवासिय	काढाँ नदी को पुल मोहनपुर देखि पश्चिम मोहनपुर गंगाराम चौधरीको पसल हुदै पश्चिम महिला स्वम सेविकाको घर	४,०००,०००.००
वडा न. २	आवासिय	तिनघरुवा चोक देखि मसामखाम गाउँ सम्म सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा न. २	आवासिय	तिनघरुवा , कटानपुर , मोहनपुर र पल्टुपुर गाउँ सिमाना भित्र पर्ने खेती योग्य जमिनको	१,६००,०००.००
वडा न. २	आवासिय	१५ प्रतिशतको हुन आउने जग्गा	१,३००,०००.००
वडा न. ३	कृषि	कनैहापुर सितारानी चौधरीको घर देखी पुर्व खेतमा जाने बाटो	१,४००,०००.००
वडा न. ३	कृषि	कनैहापुर बहिरान घर देखी राप्तीपुल सम्म	१,४००,०००.००
वडा न. ३	आवासिय	हुलाकी सडकको काँढापुल देखी बर्दवाफाँटा दैलेखी टोल हुँदै नयाँ वस्ती सम्म	२,४००,०००.००
वडा न. ३	आवासिय	कुसुमघाट स्कुल देखी दैलेखी टोल सम्म	१,६००,०००.००
वडा न. ३	आवासिय	ठेकीपुर चोक देखी हुलाकी सडक काढा नदीपुल सोनाहाफाँटा सम्म	१४,०००,०००.००
वडा न. ३	आवासिय	बम बहादुरको फड देखी कर्मदेवघाट सम्म	६,०००,०००.००
वडा न. ३	आवासिय	श्री कृष्ण डगौराको घर देखी दक्षिण जाने बाटो पडरीया गाउ जाने सडक	६,०००,०००.००
वडा न. ३	आवासिय	संजय सरको घर देखी पुर्व केदारनाथ जाने बाटोमा पर्ने जग्गाहरु	६,०००,०००.००
वडा न. ३	आवासिय	पडरीया कर्मदेवघाट देखी ठेकीपुर चोक सम्म	३,२००,०००.००
वडा न. ३	आवासिय	पडरीया लोक बहादुर साउदको घर देखी पुर्व भित्री बाटा	६,०००,०००.००
वडा न. ३	आवासिय	इश्वर जोशीको घर देखी पुर्व जाने भित्री बाटो	५,०००,०००.००
वडा न. ३	आवासिय	गंगांराम जैशीको घर देखी भित्र जाने बाटो	५,०००,०००.००
वडा न. ३	आवासिय	१५ प्रतिशतको हुन आउने जग्गा	१,३००,०००.००
वडा न. ३	कृषि	पडरीया जोटी पिपल देखी पेरहनी दक्षिण पुल सम्म	२,०००,०००.००
वडा न. ३	कृषि	बर्दवाफाटा देखी पथरीया सम्म र पथरीया देखी राप्ती नाला सम्म	१,४००,०००.००
वडा न. ३	आवासिय	काढाँ चोक देखी ढुसि जाने बाटो काँढा तेलीको मेडिकल सम्म	३,०००,०००.००

वडा न. ३	आवासिय	ढुसि स्कुल देखी हुलाकी सडक सम्म	३,०००,०००.००
वडा न. ३	आवासिय	काँढा बुद्धिरामको घर पुर्व हरीराम, दुवानारायण पर्नाह घर भगवान दिनको घर हुदै उत्तर बजार सम्म	३,०००,०००.००
वडा न. ३	आवासिय	धुसि गौडि चोक देखी उत्तर पश्चिम हुदै पुन गौडी चोक सम्म	२,०००,०००.००
वडा न. ३	आवासिय	वुद्धिरामको घर देखी उत्तरपश्चिम कुडिहानेको घर सम्म	३,०००,०००.००
वडा न. ३	आवासिय	काढा चोक देखी रजवारा जाने बाटोको दिल्ली बहादुर केसीको घर सम्म	३,०००,०००.००
वडा न. ३	आवासिय	काढा पुल देखी परहनी दक्षिण पुल सम्म	५,०००,०००.००
वडा न. ३	कृषि	काढा पुल देखी कुसुम घाट सम्म	१,४००,०००.००
वडा न. ३	कृषि	धुसी देखी पकडीया डाडा हुदै हुलाकी सडक	१,४००,०००.००
वडा न. ३	कृषि	काढा तेलीको घर देखी दक्षिण जाने बाटो सम्म	१,४००,०००.००
वडा न. ३	कृषि	काढा तेलीको मेडिकल देखी विद्यालय सम्म	२,०००,०००.००
वडा न. ३	आवासिय	ठेकी चोक देखी जवलपुर गाउको गोदकत्ला पुल हुदै कुसुमघाट सम्म	३,०००,०००.००
वडा न. ३	आवासिय	हुलाककी सडक काढा पुल सरदारको घर देखी चुहा-मरिया सडक हुदै कुसुमघाट सम्म	२,६००,०००.००
वडा न. ३	आवासिय	भजनी बजार पिपल चोक देखी जोशीपुर गाउँपालिकाको सिमाना सम्म	१४,०००,०००.००
वडा न. ३	आवासिय	पडरीया कृष्ण देव लालकर्णको घर देखी उत्तर केदार नाथ प्रावि जाने बाटोमा पर्ने जग्गाहरु	६,०००,०००.००
वडा न. ३	कृषि	पडरीया जोडी पिपल देखी दक्षिण कर्मदेव घाट हुँदै हुलाकी सडक सम्म	२,४००,०००.००
वडा न. ४	आवासिय	लौकाहा-भौकाहा साव देखी स्कल हुदै दक्षिण शेर ब को घर सम्म	६,०००,०००.००
वडा न. ४	आवासिय	विजुलिया देखी पचमुडिया जाने बाटो	४,०००,०००.००
वडा न. ४	आवासिय	विजुलिया वुझाबनको घर देखी लौकाहा-भौकाहा कुलो सम्म	३,०००,०००.००
वडा न. ४	आवासिय	बिजुलिया शेर ब डगौराको घर देखी मिन ब धामीको दक्षिण पुल सम्म	१०,०००,०००.००
वडा न. ४	आवासिय	खैलाड मिन बहादुर धामीको घर नजिक उत्तर पुल देखी धनौरा उत्तर पुल सम्म	१०,०००,०००.००
वडा न. ४	आवासिय	खैलाड मिलन चोक देखी राजिपुर पुल सम्म	३,०००,०००.००
वडा न. ४	आवासिय	खैलाड राजिपुर पुल देखी पश्चिम र दक्षिण जाने बाटो	३,०००,०००.००
वडा न. ४	आवासिय	खैलाड राजिपुर मिन बहादुर बन्तोलाको देखी उत्तर मुल सडक सम्म	३,०००,०००.००
वडा न. ४	आवासिय	खैलाड एजुकेशनल स्कुल देखी डम्मारीपुर टोल जाने बाटो	३,२००,०००.००
वडा न. ४	आवासिय	खैलाड कृष्णा महतौको घर देखी विलरपुर जाने बाटो	३,०००,०००.००
वडा न. ४	आवासिय	१५ प्रतिशतको हुन आउने जग्गा	१,३००,०००.००
वडा न. ४	आवासिय	धनौरा सुनिलको घर देखी रोकाको घर सम्म	३,०००,०००.००
वडा न. ४	आवासिय	धनौरा उत्तर पुल देखी खेल मैदान जाने बाटो	३,०००,०००.००

वडा न. ४	आवासिय	धनौरा कल्भर्ट देखी पश्चिम खडक मल्ल र पुर्व जाने बाटो	३,०००,०००.००
वडा न. ४	आवासिय	धनौरा प्रतिक्षालय देखी भगरा हुदै बगियाटो मुल सडक जोडने बाटोमा पर्ने जग्गा	३,०००,०००.००
वडा न. ४	आवासिय	कुडी बिनय चौधरीको घर देखी बेझारामको घर सम्म	३,६००,०००.००
वडा न. ४	आवासिय	कुडी बेझारामको घर देखी पहलवान जाने बाटोमा जग्गा	३,०००,०००.००
वडा न. ४	आवासिय	कुडी गंगाराम चौधरीको घर देखी वडा नं.९ ओखरपुर जाने बाटोमा पर्ने जग्गा	२,८००,०००.००
वडा न. ४	आवासिय	बिजुलिया गरीवु डगौराको घर देखी पुर्व पट्टि ताल सम्म	३,०००,०००.००
वडा न. ४	आवासिय	खैलाड मुलसडक देखी वडा कार्यालय जाने बाटो	३,०००,०००.००
वडा न. ४	कृषि	विजुलिया गाँउ दक्षिण पुरानो बाटो	१,६००,०००.००
वडा न. ४	आवासिय	धनौरा उत्तरपुल देखी कुडी वुद्धि बमको घर सम्म	६,०००,०००.००
वडा न. ४	आवासिय	धनौरा पञ्चरामको घर देखी दक्षिण पछलापुर सुनिलको घर सम्म	३,०००,०००.००
वडा न. ४	आवासिय	धनौरा छोटेलाल चौधरीको घर देखी पूर्व जाने बाटोमा पर्ने जग्गा	३,०००,०००.००
वडा न. ४	आवासिय	धनौरा जितरामको फड देखी पश्चिम कनरा निमावि सम्म	३,०००,०००.००
वडा न. ४	आवासिय	कुडी महलान खुशीरामको घर देखी दक्षिण तुला चौधरीको घर सम्म	४,०००,०००.००
वडा न. ५	आवासिय	लौबस्ता चोक देखी दक्षिण लखराया गाउ सम्म	२,८००,०००.००
वडा न. ५	आवासिय	कर्मदेव मन्दिर देखी कर्मदेव सामुदायिक घर सम्म	३,२००,०००.००
वडा न. ५	कृषि	लालबोझी भन्सार देखी सिमा चौकी सम्म	१,६००,०००.००
वडा न. ५	कृषि	पुर्व खरौटी सा.व देखी दाने साउदको घर सम्म	१,६००,०००.००
वडा न. ५	आवासिय	श्री अमर प्रावि स्कुल देखी बेलाहा हुदै वडा न ३ मिलन पुर पगियापसार दुदुवाफाटा कौवाखेडा सम्म	२,०००,०००.००
वडा न. ५	आवासिय	ईन्द्र बहादुर अहिरको घर देखी दक्षिण सिमा रोड सम्म	२,०००,०००.००
वडा न. ५	आवासिय	१५ प्रतिशतको हुन आउने जग्गा	१,३००,०००.००
वडा न. ५	कृषि	लौबस्ता गाउँको दक्षिण देखी लखराया गाँउ सम्म	१,४००,०००.००
वडा न. ५	आवासिय	कर्मदेव मन्दिर देखी भगतपुर हुदै पुर्व खरौती सामुदायिक घर सम्म	३,०००,०००.००
वडा न. ५	आवासिय	लालबोझी गाउको भित्रि पुरानो बाटो	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	बसाहा गाउँको मेन बाटो लक्कड जाने बाटो संग जोडिएको ग्राभेल बाटो	५,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	बसाहा गाउँ मिन्ती राम चौधरीको पसल नजिक चोक देखि उतर बाल उद्यान प्रा.व .जाने बाटो ग्राभेल	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	बसाहा गाउँ मन्दिर चोक देखि महादेउली सेवक राम चौधरीको घर हुदै महादेउली चोक सम्म ग्राभेल	५,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	बसाहा दक्षिण कल्भर्ट गोठुवा देखि पुर्व पिपरकोटी जाने कच्ची बाटो	३,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	बसाहा गाउँ दक्षिण जम्मन सिंह चौधरीको घर जाने बाटो	२,०००,०००.००

वडा न. ६	आवासिय क्षेत्र	मसामखाम चोक सोहन डगौराको घर देखि पुर्व मुक्त कमैया बस्ती हुदै रमैया डगौराको घर सम्म ग्राभेल बाटो	३,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	मसामखाम रमैया डगौराको घर देखि बसाहा जोडने कच्ची बाटो	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	बसाहा राम जनम चौधरीको घर देखि पुर्व १०० मिटर पुर्व जाने बाटो कच्ची	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	मसामखाम चोक मन्दिर देखि पश्चिम तिनघरुवा जाने बाटो ग्राभेल	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	भरत शाहको पोखरी नजिक बाट पश्चिम तिनघरुवा राजु चौधरी पसल नजिकै जोडने कच्ची बाटो	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	मसामखाम मुक्त कमैया बेचन डगौराको घर देखि उतर भागमल डगौराको खेत सम्म कच्ची बाटो	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	भरत शाहको पोखरी देखि पुर्व कल्भर्ट हुदै महादेउली थम्मन सिंह चौधरीको घर सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली चन्द्रमान कुश्मीको घर हुदै दक्षिण शंकर चौधरीको पसल सम्म ग्राभेल	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली टीकाराम चौधरीको घर हुदै पुर्व मोती राम चौधरीको चिया पसल सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली पञ्चेश्वर मन्दिर देखि दक्षिण ओमि चौधरीको घर सम्म कच्ची बाटो	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली सोनु राम चौधरीको घर देखि पुर्व जीवन चौधरीको घर हुदै ओमि चौधरीको घर सम्म ग्राभेल बाटो	३,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउदी राजा राम चौधरीको चोक देखि पुर्व सुवाश चौधरीको घर हुदै रा.मा.वि स्कुल सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली रा.मा.वि. स्कुल हुदै हरि राम चौधरीको घर हुदै दक्षिण महादेउली विष्णापुर जोडने बाटो कच्ची	३,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली भुज्जु चौधरीको घर हुदै पुर्व गोपी शाहको घर सम्म ग्राभेल र रा.मा.वि स्वुल को गेट सम्म कच्ची	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली मख्खन शाहको घर नजिक देखि दक्षिण एउटा मात्र घर सम्म कच्ची बाटो	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली बुद्धि सिंह चौधरीको घरु देखि पश्चिम गजैना नाला सम्म कच्ची कच्ची बाटो	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली भिख्खु डगौराको घर देखि दक्षिण बालुवा टार सम्म कच्ची बाटो	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली चोक देखि पश्चिम कालि राम चौधरीको घर हुदै तिनघरुवा चोक सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली काली राम चौधरीको घर देखि उतर २०० मिटर सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली काली राम चौधरीको पश्चिम तर्फ गजैना नालाको ढिक हुदै खोदउपुर गाउँको हुदै खोदउनालाको काठे पुल	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	खोदउपुर हिरु लाल चौधरीको घर हुदै दक्षिण १०० मिटर सम्म कच्ची बाटो	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	राम लाल चौधरीको घर देखि पुर्व चम्फा चौधरी र शंकर चौधरीको घर हुदै उतर बुधराम चौधरीको घर सम्म कच्ची बा	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	महादेउली बुद्धि सिंह चौधरीको घर देखि थापापुर गाउँ हुदै विष्णापुर वडा कार्यालय भवन सम्म जोडने बाटो ग्	५,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	थापापुर दया राम चौधरीको घर हुदै शिव राज स्मृति भवन देखि पुर्व कपिल किशोर घिमिरेको घर हुदै शिव लाल चौ	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	थापापुर शिव राज स्मृति भवन देखि दक्षिण मोहनपुर नवलपुर जोडने सडक कच्ची बाटो	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	थापापुर गाउँको भलमन्सा खुशीराम चौधरी उतर तीन बाटो देखि दक्षिण स्कुल हुदै नवलपुर देखि मोहनपुर जोडने ब	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	जोशीपुर गाउँपालिका को सिमाना विष्णापुर देखि नवलपुर स्कुल हुदै गोडचौरा दबलपुर हुदै खैरा चोक हुदै कृष्	६,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	विष्णापुर सिताराम अधिकारीको घर देखि पुर्व गैरी नाला को काठे पुल सम्म ग्राभेल बाटो	३,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	नवलपुर गाउँ राजेश चौधरीको घर देखि बीचको बाटो तेजराम चौधरीको घर हुदै फिल्ड सम्म ग्राभेल बाटो	४,०००,०००.००

वडा न. ६	आवासिय क्षेत्र	नवलपुर बीचका टोल लक्षी राम चौधरीको देखि उतर इश्वरी प्रसाद चौधरीको घर सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	नवलपुर इश्वरी प्र. चौधरी को घर देखि कृष्ण प्र .चौधरीको घर सम्मको ग्राभेल बाटो	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	नवलपुर इश्वरी प्रसाद चौधरीको घर देखि मोति चन्द्र चौधरीको घर हुदै मेघ नाथ चौधरीको घर सम्म ग्राभेल बाट	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	नवलपुर बीचका टोल लक्षि राम चौधरीको घर देखि पश्चिम जाने बाटो बन्धा राम थारुको घर हुदै राम नारायण चौधर	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	नवलपुर करण अटो वर्क शर्प देखि उतर हरि प्रसाद चौधरीको घर जाने बाटो कच्ची बाटो ।	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	नवलपुर मिलन चौराहा देखि पुर्व मरुवा हुदै पदरिया हुदै बहादुरपुर महिला वडा सदस्यको घर सम्म ग्राभेल बाट	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	नवलपुर प्रकाश चौधरीको मेडिकल को पुर्व शोभा चौधरीको घर हुदै पुर्व दक्षिण शिव लाल चौधरीको घर सम्म ग्रा	४,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	नवलपुर बृजु लाल चौधरीको घर हुदै पश्चिम खैरा कुलो सम्म कच्ची बाटो ।	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	थापापुर भेनियार को पश्चिम दक्षिण जाने बाटो कच्ची बाटो ।	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	नवलपुर मोहनपुर जोडने सडक बीच चोक देखि दक्षिण झरनैया को ढीक ढीकै थापापुर बस्ती हुदै खैरा को सिमाना सम	२,०००,०००.००
वडा न. ६	कृषि क्षेत्र	बसाहा , महादेउली गाउँ सिमाना भित्र पर्ने खेतीयोग्य जमिनको मुल्याङकन	२,०००,०००.००
वडा न. ६	कृषि क्षेत्र	थापापुर , नवलपुर र विष्णापुर गाउँ सिमाना पर्ने जग्गाको मुल्याङकन	२,०००,०००.००
वडा न. ६	आवासिय क्षेत्र	१५ प्रतिशतको हुन आउने जग्गा	१,३००,०००.००
वडा न. ७	आवासिय	गणेशमान चोक देखी गौडी सम्म	३,२००,०००.००
वडा न. ७	आवासिय	चम्मन चोक देखी कठरीया टोल हुदै दक्षिण टोल सम्म	३,२००,०००.००
वडा न. ७	आवासिय	हुलाकी सडकको हिम्मतपुर देखी कनरा नदी सम्म	४,८००,०००.००
वडा न. ७	कृषि	चम्रौधा देखी कुटि सम्म पर्ने जग्गाहरु	१,५००,०००.००
वडा न. ७	कृषि	प्रेम बहादुर कठरियाको जग्गा देखी दक्षिणपुरुवा गाउको पश्चिम सम्म	१,६००,०००.००
वडा न. ७	कृषि	चम्मन चोक देखी खेल मैदान हुदै गणेशमान चोक सम्म	१,५००,०००.००
वडा न. ७	कृषि	कुशैया देखी कुटि सम्मको बाटो मा पर्ने जग्गाहरु	१,५००,०००.००
वडा न. ७	आवासिय	पृथिपुर मन्दिर चोक देखी चम्रौधा सम्म	३,२००,०००.००
वडा न. ७	आवासिय	गणेशमान चोक देखी पृथिपुर मन्दिर सम्म	३,२००,०००.००
वडा न. ७	आवासिय	सिराधानी बस्तीका सबै सडकहरु	३,०००,०००.००
वडा न. ७	आवासिय	१५ प्रतिशतको हुन आउने जग्गा	१,३००,०००.००
वडा न. ७	कृषि	चर्रा निमको रुख देखी कंसराम कठरियाको जग्गा सम्म	१,६००,०००.००
वडा न. ७	कृषि	शिराधानी सा.व. देखी दक्षीण गढी जाने	१,५००,०००.००
वडा न. ७	आवासिय	दक्षिण फुरुवा चोक देखी टाडा हुदै पृथीपुर मन्दिर सम्म	३,२००,०००.००
वडा नं. ८	आवासिय	खैरा पुल देखि चन्द्र लाल चौधरीको घर सम्म ग्राभेल बाटो	४,०००,०००.००
वडा नं. ८	आवासिय	खैरा चन्द्र लाल चौधरीको घर देखि दक्षिण जागा टोल बस्ती जाने बाटो ग्राभेल बाटो ।	४,०००,०००.००
वडा नं. ८	आवासिय	खैरा चोक नरेश मेडिकल देखि पश्चिम उतर हुदै मादर्शा प्रा.वि .हुदै जागा टोल सम्म पुरै ग्राभेल ।	४,०००,०००.००
वडा नं. ८	आवासिय	खैरा जागा टोल देखि उतर पश्चिम काढाँ ढिक हुदै मोहनपुर फिल्ड सम्म कच्ची बाटो ।	२,०००,०००.००

वडा नं. ८	आवासिय	खैरा चोक देखि बाशु चौधरी को घर हुदै पुर्व झरनैया नाला सम्म ग्राभेल बाटो ।	५,०००,०००.००
वडा नं. ८	आवासिय	खैरा NCELL को टवार देखि उतर स्कुल जाने बाटो हुदै झरनैया को ढिक ढिकै लाल बहादुर चौधरीको घर सम्म ग्राभ	३,०००,०००.००
वडा नं. ८	आवासिय	हुलाकी रोड बाट उतर कृष्ण ध्वज चन्द मा.वि .को जग्गा हुदै झरनैया नाला को ढिक ढिकै दिप विउ विजन सहकारीक	२,०००,०००.००
वडा नं. ८	आवासिय	गोडचौरा दबल पुल देखि पुर्व कृष्ण ध्वज चन्द मा.वि .हदै जनकपुर कालिका मन्दिर सम्म ग्राभेल	५,०००,०००.००
वडा नं. ८	आवासिय	गोडचौरा अक्रम अलिको घर देखि दक्षिण झरनैया नाला सम्म ग्राभेल बाटो ।	३,०००,०००.००
वडा नं. ८	आवासिय	गोडचौरा गणेश डि.सी.को घर देखि पुर्व उतर खुशि राम चौधरीको घर सम्म ग्राभेल बाटो ।	४,०००,०००.००
वडा नं. ८	आवासिय	गैरी पुल गोडचैरा देखि गैरी को ढिक ढिकै दक्षिण हुलाकी रोड सम्म कच्ची बाटो ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	गोडचौरा राधा कृष्ण चौधरीको घर देखि दक्षिण हुलाकी सडक आशाराम चौधरी को घर सम्म ग्राभेल	३,०००,०००.००
वडा नं. ८	आवासिय	गोडचौरा भरत लाल चौधरी को घर देखि पश्चिम एनुका को घर सम्म कच्ची बाटो ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	कृष्णनगर बीच गाउँ हुदै काढाँ नदी ढिक ढिकै हुलाकी सडक केशब शाहको घर सम्म ग्राभेल	३,०००,०००.००
वडा नं. ८	आवासिय	कृष्णनगर बीच गाउँ देखि पुर्व हुदै झरनैया नाला सम्म ग्राभेल बाटो ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	कृष्णनगर बदला चोक देखि पुर्व काढा नदिको ढिक हुदै गोकेन्द्र भण्डारीको घर सम्म ग्राभेल ।	३,०००,०००.००
वडा नं. ८	आवासिय	हुलाकी सडक देखि दक्षिण कालिका प्रा.वि .जाने बाटो सन्त निरांकारी भवन सम्म ग्राभेल ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	हुलाकी सडक हुदै दक्षिण सन्त निरांकारीको भवन सम्म कच्ची बाटो ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	हुलाकी सडक पथरैयाको पुल देखि दक्षिण जया प्रसाद ढुंगानाको घर हुदै खल्ला टोल सम्म कच्ची बाटो ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	हुलाकी रोड बाट उतर सोनाफाँटा हुदै जनकपुर राम बहादुर चौधरीको घर नजिक पकडिया रुख सम्म ग्राभेल बाटो ।	४,०००,०००.००
वडा नं. ८	आवासिय	सोनाफाँटा रति राम चौधरीको घर देखि पुर्व उतरपुर टोल सुनाफाँट सम्म कच्ची बाटो ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	जनकपुर थापा सरको घर देखि पुर्व लाल बहादुरसाउँद को घर सम्म कच्ची बाटो ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	जनकपुर धर्म तिमिल्सैना को घर देखि पुर्व वेलुवा घाट जाने बाटो कच्ची बाटो ।	३,०००,०००.००
वडा नं. ८	आवासिय	जनकपुर दैखेख टोल कच्ची बाटो ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	जनकपुर भर्थान टोल कच्ची बाटो ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	जनकपुर नरेश मेडिकल देखि पश्चिम जिन्दा लाल चौधरीको घर सम्म ग्राभेल बाटो ।	३,०००,०००.००
वडा नं. ८	आवासिय	जनकपुर जिन्दा लाल चौधरीको घर देखि पश्चिम गैरी नाला जाने बाटो कच्ची	२,०००,०००.००
वडा नं. ८	आवासिय	जनकपुर पकडिया रुख देखि उतर बहादुरपुरको मरुवा सम्म कच्ची बाटो	३,०००,०००.००
वडा नं. ८	आवासिय	बहादुरपुर इन्नु चौधरी को घर देखि पुर्व दक्षिण जनकपुर जाने बाटो ग्राभेल ।	३,०००,०००.००
वडा नं. ८	आवासिय	बहादुरपुर भरत लाल चौधरीको घर देखि उतर शिव प्रा.वि .हुदै पथरैया नदी सम्म ग्राभेल बाटो ।	४,०००,०००.००
वडा नं. ८	आवासिय	बहादुरपुर राम प्रसाद चौधरीको घर देखि उतर अनुप डि.सी.को घर सम्म ग्राभेल बाटो ।	४,०००,०००.००
वडा नं. ८	आवासिय	शिव आधारभुत बहादुरपुर देखि उतर छछरहवा हुदै जोशिपुर गा.पा.को सिमाना लालपुर बाँणी सम्म ग्राभेल	४,०००,०००.००
वडा नं. ८	आवासिय	छछरहवा गाउँको नहर को ढिक ढिकै लक्ष्मी चौधरीको घर हुदै विष्णापुर र छछरहवा जोडने बाटो सम्म कच्ची	२,०००,०००.००
वडा नं. ८	आवासिय	छछरहवा विद्युत सहकारी भवन देखि पुर्व राम कुमार चौधरीको घर सम्म कच्ची बाटो ।	२,०००,०००.००
वडा नं. ८	आवासिय	छछरहवा देखि विष्णापुर गाउँ जाने बाटो गैरी नाला काठे पुल सम्म ग्राभेल बाटो ।	३,०००,०००.००

वडा नं. ८	आवासिय	बहादुरपुर, छछरहवा , जनकपुर गोडचौरा र खैरा गाउँ सिमाना पर्ने जग्गाको मुल्याङकन	२,०००,०००.००
वडा नं. ८	आवासिय	कृष्णानगर , सोनाफाँटा , काढाँढिक र खल्ला टोल सिमाना पर्ने जग्गाको मुल्याङकन	२,०००,०००.००
वडा नं. ८	आवासिय	१५ प्रतिशतको हुन आउने जग्गा	१,३००,०००.००
वडा न. ९	आवासिय	पचमुडिया देखी वडा न ७ चम्मन चोक सम्म	४,०००,०००.००
वडा न. ९	आवासिय	पचमुडिया छोटेराम सरको घर देखी पुर्व जाने बाटो	२,५००,०००.००
वडा न. ९	आवासिय	डोंगपुर, आम्बारी गाउको भित्री सडक-कृष्णको घर-जालिरामाको घर-सा.व.को चोक-दक्षिण आम्बारी जाने बाटो	३,०००,०००.००
वडा न. ९	आवासिय	आम्बारी मुल सडक देखी खुशी रामको घर हुदै कनरा नदी सम्म	२,०००,०००.००
वडा न. ९	आवासिय	आम्बारी दिलिप कार्कीको घर देखी सा.व. जाने बाटो	२,०००,०००.००
वडा न. ९	कृषि क्षेत्र	पहलवान गाउ झवान फर देखी गजेन्द्र राजीको घर सम्म	२,०००,०००.००
वडा न. ९	आवासिय	कुडी सरहान रामबहादुर चौधरीको घर देखी पहलवान जाने बाटो नर्सरी सम्म	२,८००,०००.००
वडा न. ९	आवासिय	ओखरपुर देखी गुप्तेश्वर चोक सम्म	२,८००,०००.००
वडा न. ९	आवासिय	गुप्तेश्वर चोक देखी लबरु भगतको घर हुदै बसाहन रामबहादुर चौधरीको घर सम्म	२,०००,०००.००
वडा न. ९	आवासिय	भुरुवा मुल सडक भिम बहादुर राजीको घर हुदै पूर्व जाने बाटोमा	२,०००,०००.००
वडा न. ९	आवासिय	पहलवान सुकै सरको घर पुरानो घडेरी जाने बाटोमा	३,०००,०००.००
वडा न. ९	आवासिय	भुरुवा मुल सडक देखी मोहन राजीको घर सम्म	२,०००,०००.००
वडा न. ९	आवासिय	भुरुवा दिदी बहिनी शिविरमा पर्ने सडक खण्डमा	३,०००,०००.००
वडा न. ९	आवासिय	धिरेन्द्र सिहको घर देखी दक्षिण खुरुरीया जाने बाटोमा	२,३००,०००.००
वडा न. ९	आवासिय	गन्हुवा मुल सडक देखी खोजराम चौधरीको घर जाने बाटोमा	३,०००,०००.००
वडा न. ९	आवासिय	गन्जहुवा मुल सडक देखी पन्चरामको घर हुदै अंगानु चौधरीको घर जाने बाटोमा	२,५००,०००.००
वडा न. ९	आवासिय	१५ प्रतिशतको हुन आउने जग्गा	१,३००,०००.००
वडा न. ९	आवासिय	पहलवान मुल सडक देखी शंकर राजीको पूर्व जाने बाटोमा	३,०००,०००.००
वडा न. ९	आवासिय	पहलवान मुल सडक देखी महकुल राजी , आशारामको दक्षिण पश्चिम जाने बाटोमा	३,०००,०००.००
वडा नं. १-९	सडक बाटोले नछोएका जग्गाहरु	सडक बाटोले नछोएका जग्गाहरु	१,४००,०००.००
नोटः चालु आ.व.को पौष मशान्त भित्र सम्पति कर तिर्ने करदातालाई १० प्रतिशत छुट दिईने छ ।			

पेज १२ देखि ३७

अनुसूची -२
(दफा ३ संग सम्वन्धित)
११३१४ भुमिकर(मालपोत)करको दररेटः-

आ.व.२०७०/०७१ भन्दा अघि

क्र.स.	क्षेत्रफल	किसिम			
		अवल	दोयम	सिम	चहार
